# HISSAN CENTRAL EXAMINATION – 2079(2022)

**कक्षा : १२** **पूर्णाङ्क : ७५**
**समय : ३ घण्टा**

**सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा (००६१)**

**सबै प्रश्नहरुको उत्तर दिनुहोस् ।**

## समुह क

**तलका प्रश्नहरुको धेरै छोटो उत्तर दिनुहोस् ।** **(११ × १ = ११)**

१. बौद्ध दर्शन अन्तरगत पर्ने सम्यक प्रयासको अर्थ के हो ?
२. APA को पुरा रुप लेख्नुहोस् ।
३. संवेग व्यवस्थापन भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।
४. तथ्याङ्क प्रशोधन र बिष्लेषणमा Microsoft Excel को कुनै एक प्रयोग उल्लेख गर्नुहोस् ।
५. क्षेत्रफलका आधारमा सुदुरपश्चिम प्रदेशको सबैभन्दा सानो जिल्ला कुन हो ?
६. तपाईले अमेरिकाको समय पत्ता लगाउन परेमा कुन सूचना प्रविधिको प्रयोग गर्नु हुन्छ ?
७. नेपालको राष्ट्राध्यक्ष निर्वाचन प्रयोजनका लागि मतदाता को हुने कानुनी व्यवस्था रहेको छ ? लेख्नुहोस् ।
८. सहरलाई परिभाषित गर्नुहोस् ।
९. सार्क र बिम्स्टेकबीच उद्देष्यका आधारमा कुनै एक फरक लेख्नुहोस् ।
१०. तपाई संघीय सरकारको श्रम मन्त्री भएको भए विद्यमान बैदेशिक रोजगारसम्बन्धी नीतिमा के प्रावधान थप्नका लागि प्रस्ताव गर्नुहुन्थ्यो ?
११. शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्थाले के सबै नागरिकको शिक्षामा पहुँच बिस्तार हुन्छ त ? कसरी ? एक वाक्यमा जवाफ दिनुहोस् ।

## समुह ख

**तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् ।** **(८ × ५ = ४०)**

१२. जीवनोपयोगी शिक्षा र सिपलाई तपाईको स्वस्थ्य जीवनशैली यापनमा कसरी लागु गर्नुभएको छ ? उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

अथवा,

सामाजिक अध्ययन बिषय अन्तरगत खोज तथा अनुसन्धान कार्य गर्नु परेमा कुन कुन बिधि प्रयोग गर्न सुझाव दिनुहुन्छ र किन ? प्रष्ट पार्नुहोस् ।
१३. दर्शनको परिचय दिई दर्शनको महत्व उल्लेख गर्नुहोस् ।
१४. नेपालको वागमती प्रदेश र लुम्बिनी प्रदेशबीच सामाजिक आर्थिक पक्षमा तुलना गर्नुहोस् ।
१५. मानौं तपाई एक स्थानीय सामाजिक संघ संस्थाको अध्यक्ष हुनुहुन्छ भने समावेशीकरणको मान्यतालाई के कसरी कार्यान्वयन गर्नुहुन्थ्यो ? सबिस्तार गर्नुहोस् ।
१६. "षडयन्त्रबाट आर्जित शक्ति षडयन्त्रबाट नै अन्त्य हुन्छ ।" यस भनाइलाई नेपालको इतिहासको दृष्टान्त दिई प्रमाणित गर्नुहोस् ।
१७. शिक्षा र मानव संसाधनबीचको सम्बन्धलाई उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।
१८. नेपालको बढ्दो बैदेशिक व्यापार असन्तुलनलाई सन्तुलनमा ल्याउन के कस्ता पक्षमा सुधार गर्नुपर्दछ ? व्याख्या गर्नुहोस् ।
१९. सुरक्षित आप्रवासनका लागि व्यक्तिले अवलम्बन गर्नुपर्ने सुरक्षात्मक उपायहरु उल्लेख गर्दै एक राष्ट्रिय दैनिकका लागि सम्पादकीय तयार पार्नुहोस् ।

**अथवा**

अधिकार र कर्तव्य एकै सिक्काका दुई पाटा हुन् भन्ने तथ्यलाई तर्क र प्रमाणका आधारमा पुष्टि गर्नुहोस् ।

## समुह ग

**तलका प्रश्नहरुको लामो उत्तर दिनुहोस् ।** **(३ × ८ = २४)**

२०. समालोचनात्मक र सिर्जनात्मक चिन्तन वर्तमान युगको व्यक्तिमा नभई नहुने जीवनोपयोगी सिपहरु हुन् । कसरी ? कारणहरु दिई प्रष्ट पार्नुहोस् ।
२१. नेपालमा विपद्का कारणहरु र विपद्ले सामाजिक जनजीवनमा पार्ने प्रभाव सम्बन्धमा चर्चा गर्नुहोस् ।

**अथवा**

नेपालको प्राचिन र मध्यकालिन समयको राजनीतिक तथा आर्थिक पक्षबीच तुलनात्मक अध्ययन प्रस्तुत गर्नुहोस् ।
२२. नागरिकको सूचनाको हक प्रयोग स्वरुप सार्वजनिक निकायबाट सूचना प्राप्त गर्ने तरीका सम्बन्धमा एक अधिकारकर्मीको रुपमा तपाईले सर्बसाधारणहरुलाई कसरी सचेत गराउनुहुन्छ ? लेख्नुहोस् ।

**समाप्त**